**मिति २०७७०३।०९ गते नेपालगंज उपमहानगरपालिकाका नगर प्रमुख डा. धवल शम्शेर राणाज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिका बैठकको निर्णयहरु :**

**निर्णय नं. १ :**

यस नेपालगंज उप-महानगरपालिकालाई सामाजिक बिकास मंत्रालय, प्रदेश नं. ५ बाट शबवाहन खरिदको लागि रु.१५ लाख प्राप्त भएको जानकारी यस उपमहानगरपालिकालाई मिति २०७७ जेष्ठ २६ गते मात्र भएकोमा छिटो छरितो चालु आ.व. मै खरिद प्रक्रिया सम्पन्न गर्न क्याटलग सपिङ्ग बिधि अनुसार कार्यालयबाट श्री **AMPM** ट्रेडिङ्ग कम्पनी, श्री सिद्धार्थ विश्वज्योति मल्टिप्रपोज कम्पनी प्रा.लि., श्री सयपत्री सोलुसन प्रा.लि. रहेको मौजुदा सूचि तयार गर्ने काम सम्पन्न भएको र "उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा **(क्याटलग सपिङ्ग)** खरिद गर्ने कार्यबिधि, २०७४" को दफा ९ "क" को ब्यवस्था अनुसार **सिलबन्दि प्रस्ताव** माग गर्ने भन्ने ब्यवस्था उल्लेख भएकोमा वर्तमान **COVID-19** को महामारीको संकट कायमै रहेको, लकडाउन प्रेरणाले नखुलिसकेको र यातायात सुचारु नभएको तथा सहज आवतजावतको सुबिधा समेत नभएको स्थितिमा बिद्युतीय विधि प्रयोग गरी ईमेलद्धारा पत्राचार गर्ने र ईमेलद्धारा समेत प्रस्ताव प्राप्त भएमा उक्त कार्यबिधिको **सिलबन्दि प्रस्ताव (प्राबिधिक तथा आर्थिक)हरु माग गर्ने बिषयहरुमा** ईमेलद्धारा प्राप्त प्रस्तावलाई समेत मूल्यांकनमा समावेश गरी खरिद कारबाही सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस नेपालगंज उप-महानगरपालिकाको वर्तमान कार्यबोझ तथा सवारी साधनहरुको संचालन, मर्मत संभार लगायतका कामहरुको लागि **Mechanical Engineer** को आवश्यकता देखिएकोले तत्काल एकजना **Mechanical Engineer** र सवारी साधनहरुको मर्मत संभार लगायतको कामको रेखदेख गर्न एकजना सहायक स्तर (चौथो तह)को मिस्त्री **(Tchnician)** ब्यवस्था गरी सवारी साधनहरुको प्रभावकारी ब्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस उप-महानगरपालिकामा रिक्त रहेको रोजगार संयोजकको पदपूर्ति गर्न नेपाल सरकार श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय बाट जारी गरिएको रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धि मापदण्ड,२०७६ को परिच्छेद-२ को दफा ४ बमोजिम १ जना रोजगार संयोजक नियुक्ति गरी रोजगार सेवा केन्द्र संचालन गर्न नितान्त आवश्यक भएकोले मापदण्डको दफा ६ को उप दफा क बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले तोकेको निजामती सेवाको बाहालवाला वा सेवानिबृत्त उपसचिव सरह वा सोभन्दा माथिल्लो श्रेणीको कर्मचारी संयोजक र उपदफा ख बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले तोकेको सम्बन्धित विषयको विज्ञ सदस्य तथा उपदफा ३ बमोजिम प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने ब्यवस्था भएकोमा तत्काल काम कारबाही अगाडी बढाउन मिति २०७७।०२।२६ मा डा. श्यामसुन्दर यादवलाई संयोजकमा र श्रमरोजगार कार्यालय नेपालगंजका कार्यालय प्रमुखलाई बिज्ञ सदस्य तोकी भए गरेको कामकारबाही समेत अनुमोदन गरियो ।

**निर्णय नं. ४ :**

यस नेपालगंज उप-महानगरपालिका, व.नं. २० बाट यस अघि रकमान्तरको निर्णयमा स्वीकृत वडामा सरसफाई ब्यवस्थापन शिर्षकबाट सरसफाई परिचालकलाई ज्याला शिर्षकमा रकमान्तर स्वीकृत छुट भएकोले रु.१,६५,०००/- उल्लेख भए अनुसार रकमान्तर गरी शिर्षक मिलान गर्ने निर्णय गरियो ।